## कार्यपालिका बैठक संख्या ३४ का निर्णहरु :

**निर्णय नं. १ :**

यस नगरपालिकाको नगरसभाबाट पारित भएका, नगर कार्यपालिकाबाट निर्णय गरी विभिन्न कोषबाट रकम बिनियोजन भएका र सम्झौता भई कार्य सञ्चालन भएका केही योजनाहरु बिटुमीनको अभाावको कारण तथा अन्य कारणले सम्पन्न हुन नसकेको र हाल बिटुमीन सहज भएको अवस्थामा बर्षा शुरु भएकोले यस्तो बर्षयाममा योजना सञ्चालन हुँदा योजनाको गुणस्तर कमजोर हुने कतीपय योजना हाल सञ्चालन नै गर्न नसक्ने अवस्था रहेकोले यस आ.व.मा योजना सम्झौता भई सञ्चालनमा रहेका तपसिल बमोजिमका योजनाहरुको सम्बन्धित उपभोक्ता समिति तथा वडा कार्यालयको सिफारिशमा म्याद थप गरी आगामी आ.व.मा योजना सम्पन्न तथा फरफारक गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मधव घिमिरेको घरदेखी रामहरी खकुरेलको घर सम्म कालो पत्रे कार्य | १ | ५,००,०००।- | |
| २ | जनचेतना टोलको बेनीचोक देखी पश्चिम ४ नं. वडाको सिमाना जोडने कालोपत्रे | २ | ७,१९,८००।- | |
| ३ | व्डा नं. २, ३,४ जोडने उत्तराखण्ड बाटो कालोपत्रे | २ | ३०,००,०००।- | |
| ४ | लेकाली चोकबाट साबी गुरुङ्गको घरसम्मको बाटो कालोपत्रे कार्य | ४ | ३०,००,०००।- | |
| ५ | भरत बर्तौलाको घर देखि उत्तर मालपोत आर्दस चोक हुदै पर्सा पूल सम्मकोबाटो ६ मि.चौडाई बनाई उच्चस्तरीय ग्राबेल गर्ने | ६ | ४,००,०००।- | |
| ६ | खैरहनी हिरालाल पाठकको चोक देखि तुलसीपूर पूलसम्मको सडक पिच र पुलकोउत्तर तर्फ बांकी भाग पिच गर्न | ६ | ४,००,०००।- | |
| ७ | तुलसीपुर बिजय चौधरीको घर देखि उत्तर राजमार्गसम्म जोडनेगरी पिच सडक निर्माण | ६ | ६,००,०००।- | |
| ८ | पर्सा लालिगुरांस टोल सूधार समिति अन्तरगत निर्माणाधिन नाला सम्पन्न गर्न | ६ | ३२,०५,०००।- | |
| ९ | गणेशको आमाको घर देखि कृष्ण श्रेष्ठको घर सम्म, शर्मिला पाण्डेको घर देखि नेशनल वोर्डिङ्गसम्म र जलराम चौधरीको घर हुदै रामकाजी र पौडेलको घर सम्म कालोपत्रे | ८ | २०,००,०००।- | |
| १० | बुढी राप्ती सिसहनी सिमलघारी तटबन्धन | १२ | १५,००,०००।- | |
| ११ | वडा नं. २ को कार्यालय परिसरको पश्चिम तर्फको मेशनिरी वाल निर्माण | २ | ४,९९,९२०।- | |
| १२ | वडा नं. २ को कार्यालय परिसरको उत्तर तर्फको ब्रिकवाल निर्माण | २ | ५,००,०००।- | |

**निर्णय नं. २ :**

खैरहनी वडा नं. ६ स्थित ईलाका वन कार्यालयको कम्पाउण्ड वरीपरी काडेतार बार लगाउनको लागि यस भन्दा अगाडि मिति २०७६/३/१ को कार्यपालिकाको बैठकले रु.२,७६,३८१/११ को बजेट स्वीकृत गरेकोमा उक्त स्थानमा कार्यालयको सुरक्षालाई मध्यनजर राख्दा काडेतार बार भन्दा मेसजालीको बार लगाउन उपयुक्त हुने र कार्यालयबाट समेत मेसजाली लगाउन माग भई आएकोले उक्त स्थानमा

मेसजाली लगाउन ल.ई. तयार गरी कार्य अगाडि बढाउनको लागि थप रकम रु.१,७३,६१९।- स्थानीय विकास बिशेष कोषबाट बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रदेश सरकारको समपुरक अनुदान तर्फको बजेटबाट यस नगरपालिका वडा नं. ५ गौचरनमा डयाक निर्माण गर्ने कार्य र वडा नं. १३ मा सम्म जाने बाट पिच गर्ने कार्य भई रहेकोछ । उक्त योजनाहरु क्रमशः श्री संजय निर्माण सेवा हेटौडा ५ मकवानपुर र श्री जयभगवती निर्माण सेवा खैरहनी ६ चितवनले कार्य सञ्चालन गरी रहेको र उक्त ठेक्काको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट यही २०७६ आषाढ मसान्त सम्मको म्याद थप भएकोमा उक्त योजनाहरु यस आर्थिक बर्षको आषाढ मसान्त भित्र सम्पन्न हुने अवस्था छैन । यस बर्ष प्रदेश सरकारको समपुरक अनुदान तर्फको बजेट ढिला गरी प्राप्त भएकोले ठेक्काबन्दोबस्त पनि ढीला गरी भएको, वडा नं. १३ को बाटो कालोपत्रे गर्ने सम्बन्धमा मुद्दा परी चितवन जिलला अदालतमा विचाराधिन रहेकोले कार्य सञ्चालन हुन नसकेकोले र समय समयमा स्थानीय उपभोक्ताहरुको अवरोधको कारण कार्य सञ्चालनमा सढला भई कार्य सम्पन्न नहुने अवस्था आएको हो । प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा ९ को उपदफा (३) मा चालु आ.व.मा कुनै मनासिव कारणले अनुदान खर्चहुन नसकेमा मन्त्रालयको स्वीकृती लिई सो रकम स्थानीय सञ्चित कोषमा दाखिला गरी योजना तथा कार्यक्रमको अवधी भित्र अर्को आ.व.मा खर्च गर्न पाईनेछ भन्ने उल्लेख भएकोले उक्त दुबै योजनाको म्याद थप गरी योजनालाई निरन्तरता दिने र यस चालु आ.व.मा खर्च हुन नसकेको रकमलाई स्थानीय सञ्चित कोषमा दाखिला गरी योजना सम्पन्न पश्चात आगामी आ.व.मा खर्च गर्ने व्यवस्था मिलाउनको साथै उक्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गरी आगामी आ.व.मा खर्च गर्ने स्वीकृतीको लागि प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई पत्राचार गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ४ :**

प्रदेश सरकारबाट यस चालु आ.व.को सशर्त अनुदान तर्फ वडा नं. १० को चिसापानीमा पार्क निर्माण गर्नको लागि रु.५०,००,०००।- बिनियोजन भएकोमा उक्त पार्कको विस्तृत परियोजना निर्माणकार्य सम्पन्न भएको र विस्तृत परियोजनाको प्रतिवेदन पेश भई सरोकारवालाहरुको बीचमा प्रस्तुतीकरण भई अन्तिम प्रतिवेदन समेत पेश भएकोले उक्त अन्तिम प्रतिवेदन पारीत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस नगरपालिकाले तपसिल बमोजिमका कार्यहरु विभिन्न परामर्शदाताहरुबाट गराउने गरी कार्यादेश दिएको, कार्य सञ्चालनमा नै रहेको कामको प्रारम्भीक प्रतिवेदन पेश भएतापनि अन्तिम प्रतिवेदन पेश हुन केही समय लाग्ने भएकोले तपसिल बमोजिमका कार्यहरुको म्याद थप गरी आगामी आ.व.मा कार्य सम्पन्न गर्न लगाई भुक्तानीको व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

तपसिल :

| क्र.सं. | कामको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ५ को गौचरनको गुरुयोजना तयारी | ९,८०,२१८।- | प्रारम्भीक प्रतिवेदन पेश भएको |
| २ | डिजिटल नगर प्रोफाईल | १७,७८,६२०।- | प्रारम्भीक प्रतिवेदन पेश भएको |
| ३ | भवन निर्माण संहिता | ५,००,०००।- | प्रारम्भीक प्रतिवेदन पेश भएको |